केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०८/०६९/७० मिति: २०६९/०७/२७

**इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरुको लागि नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७७ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५१ को प्रयोजनको लागि आधार दर सम्बन्धी देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. १५ को बुँदा नं. १ को व्याजदर सम्बन्धी व्यवस्था अन्तरगत उल्लिखित व्यहोरालाई देहाय बमोजिम हुने गरी संशोधन गरिएको छ ।

*"१. व्याजदर सम्बन्धी व्यवस्था*

*(क) इजाजतपत्रप्राप्त "क" "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाले निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने ब्याजदर, त्यस्तो ब्याजदरको प्रकार तथा कार्यविधि आफैंले निर्धारण गर्न सक्ने छन् ।*

*(ख) "क" वर्गका इजाजतपत्रप्राप्त संस्थाको हकमा देहाय बमोजिम विशेष व्यवस्था कायम गरिएको छः*

*"क" वर्गको इजाजतपत्रप्राप्त संस्थाले कर्जा तथा सापटको व्याजदर निर्धारण गर्दा "आधार दर" ( Base rate) सँग आवद्ध गरी निर्धारण गर्नु पर्नेछ । आधार दर सम्बन्धमा देहायका थप व्यवस्थाहरु कायम गरिएको छ ।*

*(अ) आधार दर गणना गर्ने प्रयोजनका लागि यसैसाथ संलग्न भए बमोजिमको "आधार दर निर्धारण सम्बन्धी कार्यविधि, २०६९" जारी गरिएको छ ।*

*(आ) आधार दरको गणना कम्तिमा पनि प्रत्येक महिनामा गरी सोको विवरण आफ्नो वेवसाइटमा राख्नु पर्ने छ । प्रत्येक त्रयमासको वित्तीय विवरण र व्याजदर सम्बन्धी विवरण प्रकाशन गर्दा अनिवार्य रुपमा आधार दर समेत प्रकाशन गर्नुपर्ने छ ।*

*(इ) यस व्यवस्था बमोजिम प्रकाशन गरिएको आधार दर गणना सम्बन्धी विवरण अनुसूची -१ बमोजिमको ढाँचामा भरी सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नुपर्ने छ ।*

*(ई) इजाजतपत्रप्राप्त संस्थाले प्रवाह गरेको कर्जा नवीकरण, पुनरतालिकीकरण वा पुनरसंरचना गर्दा समेत आधार दरलाई आधार मानी व्याजदर निर्धारण गर्नुपर्ने छ ।*

*(उ) इजाजतपत्रप्राप्त संस्थाले २०६९ पौष मसान्तको वित्तीय विवरण प्रकाशन गर्दा यो व्यवस्था बमोजिम आधार दर गणना गरी प्रकाशन गर्नु पर्नेछ । सो आधार दर प्रकाशन भएको मिति पश्चात प्रवाह हुने कर्जा तथा सापटको व्याजदर यो व्यवस्थाको अधिनमा रही निर्धारण गर्नुपर्ने छ । "*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

२. इजाजतपत्रप्राप्त “क” वर्गका बैंकहरुको हकमा मात्र लागू हुने गरी एकीकृत निर्देशन, २०६९ को अनुसूची ४.अ र ने.रा.बैंक निर्देशन फा.नं. ९.१४ बमोजिमको त्रयमासिक वित्तीय विवरण सम्बन्धी फारामको “क्र .सं. ४. अनुपातहरु” (4. Ratios) अन्तर्गत “४.६ आधार दर” (4.6. Base Rate) थप गरिएको छ ।

भवदीय,



(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग